**निर्णयहरु:**

१. नगरपालिकाको कार्य सम्पादनलाई अझ ब्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न कर्मचारीहरुको बृत्ति विकास तथा ब्यवस्थापनका लागी भेरी नगरपालिकाको स्थानीय सेवा ऐन, २०७९ स्वीकृत गर्ने। साथै शिक्षा ऐन, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने। **शिक्षा ऐन, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने**

| दफा | हालको प्रावधान | संशोधित प्रस्ताव |
|---|---|---|
| १६ | स्थानीय शिक्षा ऐनको दफा १६ मा स्थानीय शिक्षक महासंघको प्रतिनिधि रहने व्यवस्था नरहेको | स्थानीय तहको नेपाल शिक्षक महासंघको अध्यक्ष वा समितिले तोकेको प्रतिनिधि एक जना सदस्य रहने |
| १९(क) | समितिका सदस्यहरूल (ख) र (घ) मध्ये बाट छानेको व्यक्ति - अध्यक्ष | समितिका सदस्यहरूले (ख) बाट छानेको व्यक्ति -अध्यक्ष |
| (घ) | ऐन दफा १९ (घ) मा विद्यालयका संस्थापक, बुद्धिजिवी, चन्दादाताहरुमध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य | ऐन दफा १९ (घ) मा विद्यालयका संस्थापक, बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाताहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य |
| (ङ) | स्थानीय शिक्षाप्रेमी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य | (ङ) मा विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य |

२. संघीय सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाबाट चालु आ व २०७९।८० को लागि स्वीकृत बार्षिक कार्यक्रमहरुको हालसम्म कार्यान्वयनको अवस्था वित्तिय प्रगति ४० प्रतिशत तथा भौतिक प्रगति ३५ प्रतिशत हासिल भएको संक्षिप्त ब्यहोरा जानकारी प्राप्त भयो। हालसम्म कार्यान्वयन नभएका कार्यक्रमहरु यथाशिघ्र संचालन गरी लक्षित उद्धेश्य हासिल गर्न थप तदारुकताका साथ कार्यान्वनय प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

३. चालु आ व २०७९।८० मा संचालनका लागि स्वीकृत भई विनियोजन ऐन, २०७९ मा प्रकाशित केही कार्यक्रम संशोधन गर्न आवश्यक देखिएकोले भेरी नगरपालिकाको विनियोजन ऐन, २०७९ मा देहाय अनुसार संशोधन गर्ने।

| क्रस | वडा नं | योजना/ कार्यक्रम | वजेट | संशोधन हुनुपर्ने योजना/कार्यक्रम | वजेट | प्र.म. रोजगार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | स्वास्थ्य चौकी बाहुनथानाको घेराबार निर्माण | १५०००० | स्वाथ्य चौकी बाहुनथानाको फिल्ड नर्माण | १५०००० | | |
| २ | | जनता प्रा वि भवन मर्मत (पुरानो रिसाङ) | १५०००० | जनता प्रावि भवनको फिल्ड निर्माण (पुरानो रिसाङ) | १५०००० | | |
| | | | ३००००० | | ३००००० | | |
| ३ | ४ | वडा नं ४ को समपुरक वजेट २०००००० र मोटरसाईकल खरिदबापतको वजेट रु ३००००० | २३००००० | धनगडे हुदै डाँडागाउ जाने पद मार्ग मर्मत | ५०००० | १००००० | १५०००० |
| | | | | गिमिरेगारे बाट बोहरा काफलचौर सम्म जाने सडक निर्माण | २५०००० | ० | २५०००० |
| | | | | कालिका मन्दिर घेराबार (समीको रुख) | ५०००० | ५०००० | १००००० |
| | | | | कालिका मन्दिरको पुनर्निर्माण तथा घेरावार (नाउला) | २००००० | ५०००० | २५०००० |
| | | | | क्रियापूत्री ट्रस निर्माण मुलपानी | २५०००० | १००००० | ३५०००० |
| | | | | फुलबारी देखि ठाँटी जाने पदमार्ग | ५०००० | १००००० | १५०००० |
| | | | | शहिद स्मृति प्रतिष्ठान देखि डोल्पा सडक सम्म पदमार्ग निर्माण | ५००००० | १००००० | ६००००० |
| | | | | पुरानो शिक्षा कार्यालय देखि काजिवारा सडकका विधुत पोल निर्माण | ३५०००० | ० | ३५०००० |
| | | | | सृजना टोल शहीद स्मृती प्रतिष्ठान सम्म नाली व्यवस्थापन | २००००० | १००००० | ३००००० |
| | | | | ४ नं वडा कार्यालय व्यवस्थापन | १००००० | ० | १००००० |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | शाकेन्द्र विक्रम शाहको घरदेखि साउनेपानी जाने पादमार्ग निर्माण | २००००० | १००००० | ३००००० |
| | | | | कालिका मन्दिरसम्म जाने पदमार्ग निर्माण | १००००० | २४०००० | ३४०००० |
| | | | | | २३००००० | ९४०००० | ३२४०००० |
| | | | | ट्वाक ट्वाके देखि ठाँटि खानेपानी निर्माण | ३५०००० | ३००००० | ६५०००० |
| | | | | राताधारा खानेपानी निर्माण | ३५०००० | ३००००० | ६५०००० |
| | | | | नाउला ईर्जे खानेपानी मर्मत | ५०००० | ५०००० | १००००० |
| | | | | विभिन्न स्थान तथा योजनाहरुमा खानेपानी पाईप वितरण | १५०००० | | १५०००० |
| | | | | खोल्याथाना खानेपानी मर्मत | १००००० | ५०००० | १५०००० |
| | | | | राङखोला देखि माझ घरसम्म खानेपानी निर्माण | ५०००० | ५०००० | १००००० |
| ४ | ६ | वडा नं ६को समपुरक वजेट १३५०००० | १३५०००० | गगाटिया परिका मन्दिर निर्माण | १००००० | ७४००० | १७४००० |
| | | | | पिरोहाल्न जुम्लीसाईला घरमाथी रिजर्भ टङ्कि निर्माण | १००००० | १००००० | २००००० |
| | | | | जाजरकोट युवा क्लबलाई लागुऔषध दुर्व्यसनी सम्बन्धी तालिम | ५०००० | | ५०००० |
| | | | | स्वास्थ्य आमा समुहमा स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम र विद्यालयका शिक्षकहरुलाई स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार सम्बन्धि तालिम तथा सामाग्री वितरण | ५०००० | | ५०००० |
| | १२ | छहरी भन्के धारापानी माझघाट हुँदै बारेलासम्म खानेपानी निर्माण | | भन्के धारापानी माझघाट हुँदै बारेलासम्म खानेपानी निर्माण | | | |
| | | | | | १३५०००० | ९२४००० | २२७४००० |
| ५ | १३ | भगवती मावि च्यानलगेट र फिल्ड निर्माण | | भवगती मा वि गेट निर्माण | | | |
| ६ | १३ | स्वास्थ्य चौकी कुदु मर्मत सम्भार | | स्वास्थ्य चौकी कुदुको वर्थिङ्ग सेन्टरको १ कोठे नर्सिङ्ग क्वाटर निर्माण | | | |
| ७ | १३ | सहकर्मी समाजका समुहहरु लाई ट्र्याक्टर खरिद र क्षमता विकास सम्बन्धी तालिम | | सहकर्मी समाजका समुहहरु लाई बाख्रा विवरण कार्यक्रम | | | |
| ८ | स्वास्थ्य शाखा | USG तालिमको | १००००० | न्यानो झोला खरिद | १००००० | | |
| | | MSNP अन्तर्गत पोषण प्रोफाईल निर्माण | ३०५०० | पोषण मैत्री स्वास्थ्य संस्था घोषणा तयारी कार्यक्रम | ३०५०० | | |
| ९ | कानुन शाखा | न्यायीक समितिका पदाधिकारी तथा कर्मचारी जनप्रतिनिधिहरु लाई स्थानीय कानुन सम्बन्धि अनुशिक्षण | ३७०००० | वडा स्तरमा न्यायीक समितिको क्षत्राधिकार सम्बन्धमा छलफल | ३००००० | | |
| | | | | संचार खर्च तथा यातायात खर्च | ६०००० | | |
| | | न्यायीक समितिहरुका लागि पोषाक | ३०००० | न्यायीक समितिहरुका लागि पोषाक | ४०००० | | |
| १० | | आवधिक नगरविकास योजना तर्जुमा | १२००००० | आवधिक नगरविकास योजना तर्जुमा | १०००००० | | |
| | | क्षमता विकास योजना तर्जुमा तथा विभिन्न तालिमहरु | ६००००० | संगठन तथा ब्यवस्थापन सर्वेक्षण | ८००००० | | |
| ११ | | नगर प्रहरी ब्यवस्थापन | ३५००००० | नगर प्रहरी ब्यवस्थापन | ९००००० | | |
| | | | | तेल (इन्धन) को बाँकी भुक्तानी | १५००००० | | |
| | | | | जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्ड | ४००००० | | |
| | | | | जिल्ला कारागार कार्यालय, ट्रष्ट निर्माण | २००००० | | |
| | | | | वडा नं. १ डौरीकाँडामा टोल सुधार समितिको भवन निर्माणका लागि थप अनुदान | ५००००० | | |

CamScanner

४. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिवेदन अध्ययन गरी स्वीकृत गर्नका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

५. खलंगा जुम्ला सडकको वडा नं. २ रिसाङ खण्ड र वडा नं. ११ को मध्यपहाडी राजमार्गको वरीपरी सडक तथा सामुदायिक वन क्षेत्रबाट गैर कानुनी रुपमा ढुंगा, ग्राभेल तथा माटो निकाली बिक्रि वितरण गर्ने गरेको गुनासो प्राप्त भएकोले स्थालगत रुपमा अध्ययन तथा अनुगमन गरी गैर कानूनी रुपमा निकासि तथा विक्रि वितरण गरेको पाईएमा पूर्ण रुपमा रोक्ने र कोही कसैले अटेरी गरेमा माथि उल्लेखित निर्णय नं. ९ बमोजिम जरिवाना तथा कारवाही प्रक्रिया अगाडी बढाउन सरोकारवाला स्थानीय प्रशासन, नेपाल प्रहरीसंग समन्वय तथा सहकार्य गर्न राजश्व परामर्श समिति तथा राजश्व शाखालाई निर्देशन दिने । साथै निकालि सकेको भए जफत गरी कानून अनुसार कारवाही गर्ने ।

६. आगामि आ. व. २०८०।८१ मा राजश्व दायरा बृद्धि गरी प्रभावकारी रुपमा असुली गर्न राजश्व संभाव्यता अध्ययन गराउने र हाल नगरपालिकामा प्रयोगमा रहेको राजश्व सफ्टवेयरमा समस्या देखिएकोले नयाँ सफ्टवेयर इन्सटलेसन गर्नका लागि आवश्यक प्रक्रिया शुरु गर्न कार्यालयलाई निर्देशन दिने । साथै नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवाको बिक्रि कर असुली सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०७९।१०।२६ गते र कार्यपालिकाको मिति २०७९।१०।२५ गतेको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्नेः

१. यस भेरी नगरपालिकाको मिति २०७९।१०।०४ गतेको अवैध संकलन तथा भण्डारण नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी वालुवा) लिलाम विक्रि सम्बन्धी २५ दिने सूचनाको मा बढाबढ प्रक्रिया द्वारा लिलाम विक्रि गर्नुपर्ने सन्दर्भमा उक्त सूचनाको क्र.स.अन्तर्गत बुदा नम्बर ४, ५, ६ र ७ को वडाबालुवा मा रहेको नदिजन्य पदार्थ क्रमस वालुवा (२० घ.मि.), गिट्टी(२२२४.७८ घ. मि.), चिप्स गिट्टी(४१० घ. मि.) र ग्रोभेल (९९८ घ. मि.) का सन्दर्भमा श्री उच्च अदालत सुर्खेतमा मुद्दा दर्ता भई उक्त सूचनाको कार्यन्वयन नगर्नु, नगराउनु भनी नगरपालिकाका नाउँमा अल्पकालीन आदेश जारी भएको ले उल्लेखित बुदाको सन्दर्भमा हाललाई लिलाम विक्रिको कार्य स्थगन गर्ने र लिलाम विक्रि सूचनाको क्र.स. को १ र २ मा रहेको गिट्टी १२१६ घ. मि. (कालेगाउँ) र मोरङ ३९२० घ. मि.(कालेगाउँ) को लागि प्रति घनमिटर २२१ को दरले उक्त नदिजन्य पदार्थ लिनेभनि भरी नगरपालिका -३ स्थायी निवासी भिम बहादुर शाहको मात्र निवेदन प्राप्त भएकोले निजलाई उक्त परिमाणको गिट्टी र मोरङ् वापतको रकम जम्मा गर्न लगाई लिलाम विक्रि गर्ने ।

२. यस नगरपालिका वडा नम्बर २ अन्तर्गत पर्ने रिसाङ खण्डको ढुङ्गा विक्रि तथा निकासी हाललाई पूर्ण रुपमा बन्द गर्ने तथा नगरपालिका क्षेत्र भित्रको कुनैपनि स्थानबाट वातावरणीय अध्ययन प्रतिवेदन (IEE) नभएसम्म ढुङ्गा, गिट्टी, वालुवा विक्रि तथा निकासी कार्यमा रोक लगाउने । ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् तथा विक्रि प्रयोजनको लागि सम्भावित क्षेत्रमा तत्काल वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि कार्यालय लाई निर्देशन दिने ।

३. यस नगरपालिका पहिलो पटक मिति २०७९।०४।११ मा बोलपत्र आह्वान गरेको र दोस्रो पटक मिति २०७९।०५।१५ गते पुन दोस्रो पटक बोलपत्र आह्वानको सूचना गरेको तथा पुन १५ दिनको सूचना गर्दा पनि कोहि कसैको निवेदन समेत नपरेको ले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा निकासी गर्ने नाकाहरु बाट नदिजन्य ढुङ्गा गिट्टी वालुवाको विक्रि शुल्क संकलन गर्ने प्रयोजनको लागि नियमअनुसार टेन्डर गरी टेन्डर स्वीकृत भएका तथा टेन्डर दर्ता नभई बाकि रहेका तपसिलमा उल्लेखित ढुङ्गा, गिट्टी,वालुवा उत्खनन् तथा निकासी गर्ने नाकाहरुबाट विक्रि शुल्क संकलनको लागि जिम्मेवारी दिने ।

| क्र.सं. | नाकाहरु | वडा नं. | परिमाण | जिम्मेवारी दिईने फर्म,व्यक्ति वा निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १. | रिम्ना नाका | १ | | पूर्ण रुपमा बन्द गरिने | भेरी नगरपालिकाको प्राविधिक अध्ययन प्रतिवेदनमा अनुसार |
| २. | पिपे नाका | १ | ५३६२ घ.मि. | १ नम्बर वडा कार्यालय | |
| ३. | होलुखोला | १ | ७८७५ घ.मि. | १ नम्बर वडा कार्यालय | |
| ४. | कालेगाउँ नाका | १ | १०६२७ घ.मि. | स्मार्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | पासागाड, लामितरा, राक्से नाका | ४,११ | – | स्मार्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ठेक्का सम्झौता भैसकेको |
| ६. | बडावालुवा नाका | १३ | १९३०७ घ.मि. | १३ नम्बर वडा कार्यालय | |
| ७. | भालुखोला | १३ | २८९७ घ.मि. | १३ नम्बर वडा कार्यालय | |
| ८. | खोदाखोला नाका | ८ र ९ | ६१८७ घ.मि. | ११ नम्बर वडा कार्यालय | |
| ९. | बङ्ग्रया नाका | १० र ११ | २१५२ घ.मि. | १०, ११ नम्बर वडा कार्यालय | |
| १०. | खिडखोला नाका | १० | १०२३७ घ.मि. | १० नम्बर वडा कार्यालय | |

साथै माथि उल्लेखित नदी तथा खानीजन्य पदार्थको राजश्व संकलन गर्ने जिम्मा वडा कार्यालयलाई तोकिएता पनि यदी कुनै कम्पनी वा फर्मले यस अघि प्रकाशित बोलपत्र सूचनाको अंकलाई न्यूनतम आधार मानी राजश्व संकलनको प्रस्ताव पेश गर्न आएमा सोझै बार्ताद्वारा सम्झौता गरी राजश्व संकलनको जिम्मेवारी दिने।

४. निर्णय नम्बर ३ बमोजिमको जिम्मेवार फर्म ,व्यक्ति वा निकाय बाट रसिद नकाटी अवैध रुपमा नदिजन्य पदार्थ उत्खनन् तथा निकासी गर्ने जो कोही लाई तपसिल बमोजिमको जरिवाना गर्न।

| साधनको प्रकार | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|
| ट्याक्टर | रु २० हजार | रु ४० हजार | रु ६० हजार |
| टिप्पर | रु ६० हजार | रु १ लाख ६० हजार | रु २ लाख ४० हजार |

५. निर्णय नम्बर ३ मा उल्लेखित यस नगरपालकाले रोक लगाएका क्षेत्रबाट कसैले अवैध रुपमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा निकासी गरेको सूचना वडा कार्यालय, सरोकारवाला निकाय र स्थानीय प्रहरी प्रशासनलाई दिने जो कोही लाई जरिवाना वाफत हुन आउने रकमको १० प्रतिशत रकम र १० प्रतिशत रकम उक्त कार्यमा संलग्न निकायलाई प्रोत्सहान वाफत उपलब्ध गराउने। सूचना दिने तथा जरिवाना सम्मको कार्य एउटै व्यक्ति वा निकायले गराएकी खण्डमा प्रोत्साहन वाफतको २० प्रतिशत रकम नै उक्त व्यक्ति वा निकायलाई दिने।

६. स्थानीय राजश्व परामर्श समितिले गरेका निर्णयहरु सर्वसाधारणको जानकारीकोलागि स्थानीय अनलाईन मिडिया, स्थानीय पत्र पत्रिका तथा FM मा सूचना प्रकाशन प्रसारण गर्ने।

७. कार्यलयले राजश्व संकलन कार्यमा हाल प्रयोग गरिरहेको अनलाईन सफ्टवयर प्रणाली प्रयोगमा केही कठिनाइ रहेको कारण राजश्व संकलन प्रणालीलाई चस्तदुरुस्त बनाई राजश्व संकलनको विवरण लाई सहज र आवश्यकता अनुसार रिपोटिङ गर्न तथा तथ्याङ्क राख्न नयाँ अनलाईन सफ्टवयर प्रयोगको लागि कार्यालय लाई निर्देशन दिने।

८. यस नगरपालिकाबाट मिति २०७९।०५।०२ गते खटिई गएको प्राविधिक टोलिले भेरी नगरपालिकाको वडा नम्वर ११ स्थित लामितरामा जनचाहाना निर्माण सेवाले ५८० घनमिटर वालुवा अवैध रुपमा संकलन गरेको र उक्त अवैध रुपमा संकलन गरी राखेको बालुवा लिलाम विक्री गर्न मिति २०७९।१०।०४ गते २१ (एक्काईस) दिने सूचना प्रकाशन गरेको तथा उक्त सुचनाको अवधिभित्र समेत लिलाम विक्रीका लागी कुनै पनि व्यक्ती, फर्मले आवेदन पेश नगरेकाले उक्त फर्मलाई उल्लेखित परिमाणको जरिवाना सहितको विक्री शुल्क तिर्न पुन अन्तिम पटक ७ सात दिने सुचना गर्ने र उक्त अवधिभित्र समेत सो शुल्क नतिरेको खण्डमा नियमानुसार प्रक्रिया अगाडी वढाई उक्त फर्म यस कार्यलयमा दर्ता रहेकाले दर्ता रद्ध गर्ने , विक्रि शुल्क असुल गर्ने र निज फर्म लाई कालो सुचीमा राख्न र आवश्यक कार्वाही गर्न सम्बन्धित कार्यालयमा अनुरोध गरि पठाउने।

९. खलंगा जुम्ला सडकको वडा नं. २ रिसाङ खण्ड र वडा नं. ११ को मध्यपहाडी राजमार्गको वरीपरी सडक तथा सामुदायिक वन क्षेत्रबाट गैर कानुनी रुपमा ढुंगा, ग्राभेल तथा माटो निकाली बिक्रि वितरण गर्ने गरेको गुनासो प्राप्त भएकोले स्थालगत रुपमा अध्ययन

तथा अनुगमन गरी गैर कानूनी रुपमा निकासि तथा विक्रि वितरण गरेको पाईएमा पूर्ण रुपमा रोकने र कोही कसैले अटेरी गरेमा माथि उल्लेखित निर्णय बमोजिम जरिवाना तथा कारवाही प्रक्रिया अगाडी बढाउन सरोकारवाला स्थानीय प्रशासन, नेपाल प्रहरीसंग समन्वय तथा सहकार्य गर्न कार्यालयलाई निर्देशन दिने। साथै निकालि सकेको भए जफत गरी कानून अनुसार कारवाही गर्ने।

७. नगरपालिकाको वडा नं. ४ शान्तिचौतारा बसपार्क देखि कालेगाउँसम्मको सडक बिग्रिएर जिर्ण भई दैनिक सवारी आवागमनमा समस्या भएको र मर्मत संभार रेखदेख गर्ने जिम्मेवारी संघीय वा प्रदेश मातहतका सडक डिभिजन कार्यालय हुने वा स्वयं यस नगरपालिकाको हुने भन्ने विषयमा अन्यौलता भएको हुँदा सम्बन्धित विभाग वा कार्यालयमा समन्वय गरी आवश्यक निर्णयका लागि अनुरोध गर्ने।

८. यस नगरपालिकाको प्रशासनिक भवन रहेको जग्गा थोरै भई सेवा प्रवाहमा समस्या भएको कारण थप जग्गा आवश्यक परेको र प्रशासनिक भवन नजिकै जोडीएको वन कार्यालयको स्वामित्वमा रहेको कि नं. २६६, क्षेत्रफल २-१३-३-३ र बटुक भैरव मन्दिरको नाममा रहेको कि. नं. २६५, ०-७-२-० क्षेत्रफलको जग्गाको स्वामित्व लिन उपयुक्त देखिएकोले स्वामित्व प्राप्तीका लागि कानून बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई स्वीकृति दिने।

९. कार्यालय भवन नभएका र भवन निर्माणका लागि आवश्यक तथा उपयुक्त जग्गा नभएका वडा कार्यालयहरुको भवन निर्माणका लागि सार्वजनिक जग्गा प्राप्ति गर्न आवश्यक देखिएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ तथा सार्वजनिक जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ अनुसार आवश्यक प्रक्रिया अगाडी बढाउने।

१०. यस नगरपालिकाभित्र विभिन्न निकायहरुबाट संचालन हुने आयोजना कार्यक्रमहरुमा जनश्रमदानको दर फरक फरक भई कार्यान्वयनमा समस्या देखिएकोले नगरपालिकाबाट संचालन हुने सबै खालका आयोजनाहरुमा २० प्रतिशत न्युनतम श्रमदान अनिवार्य रुपमा गर्नुपर्ने नीति लागु गर्ने।

११. नगरपालिकाको स्वामित्वमा भएको एउटा मात्रै गाडीले कार्यालयको काम धान्न नसक्ने अवस्था भएको र आवश्यकता अनुसार भाडामा लिनु पर्ने अवस्थामा ब्यवसायीहरुबाट मनपरी भाडा माग गरी अनावश्यक ब्ययभार बढ्न जाने भएकोले गाडी भाडामा उपलब्ध गराउन चाहने ब्यक्ति, ब्यवसायि तथा फर्महरुबाट दररेट माग गरी सबैभन्दा कम भाडांदरमा सेवा दिन इच्छुकबाट भाडामा लिने ब्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने।

१२. यस नगरपालिकाका नगर सभा सदस्य श्री खिम बहादुर बस्नेत कार्यालयको काममा खटिईरहेको अवस्थामा मिति २०७९।९।२३ गते वडा नं. १३ को कुदुमा दुर्घटनामा गम्भिर रुपमा घाईते भई हाल उपचारमा रहेकोले वहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै नगरसभाका सबै सदस्यहरुको एक दिनको बैठक भत्ता सहयोग स्वरुप उपलब्ध गराउने।

१३. यस नगरपालिकाको आ.व. २०७८।७९ को कार्यक्रम अनुसार रानागाउँ पाखेदह नेटीबजार सडक निर्माणका लागि भएको टेण्डर अनुसार खड्का कृष्ण शिवाको जे भि काठमाण्डौंसंग मिति २०७८।१२।२५ मा भ्याटसहित रु २ करोड १६ लाख २३ हजार ९५ रुपैयाँमा कार्य सम्पन्न गर्ने गरी भएको संझौता अनुसार प्रथम पटक मोविलाईजेसन पेश्कि वापत मिति २०७८।११।२९ मा रु. ३८ लाख र मिति २०७९।३।२५ मा रु १ करोड १ लाख ५१ हजार २ सय ९८ गरी जम्मा रु १ करोड ३९ लाख ५१ हजार २ सय ९८ रुपैयाँ भुक्तानी भईसकेकोले सम्झौता तथा मुल्याङकन अनुसार भुक्तानी दिन बाँकी रहेको रकम रु ७६ लाख ७१ हजार ७ सय ९५ रकम भुक्तानी दिने।

१४. आ व २०७८।७९ को स्वीकृत कार्यक्रम अनुसार थर्पुडाँडा आधारभुत विद्यालयको भवन निर्माणका लागि जनश्रमदान बाहेक १७ लाख ८१ हजार ९ सय रकमबाट भवन निर्माण गर्ने सम्झौता अनुसार भवन निर्माणको काम सम्पन्न हुन नसकेको र निर्माण भएको कामको मुल्याङकन बमोजिम रु १२ लाख ७० हजार ७ सय ७६ भुक्तानी भईसकेको र निर्माण सम्पन्न हुन बाँकी काम यस चालु आ व २०७९।८० मा भएको र प्राविधिक मुल्याङकनका आधारमा भुक्तानी दिनु पर्ने बाँकी रु ५ लाख ११ हजार १ सय २४ रुपैयाँ समपुरक अनुदानबाट भुक्तानी दिने।

१५. भेरी नगरपालिका वडा नं.४ बोहरागाउँ बस्ने पदम बहादुर खत्रीले छिन्चु जाजरकोट सडक खण्ड निजको घर देखि पश्चिम जिल्ला शिक्षा समन्वय ईकाइ र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको अफिस जाने बाटोको चोकलाई पदम चोक नामाकरण गरीपाउँ भनी वरीपरी बसोबास

CamScanner

गर्ने १५ जना छिमेकी र सो स्थानमा अवस्थित कार्यालयहरुको सहमति सहित निवेदन पेश गरेकोमा निज पदम बहादुर खत्रीले जिल्ला शिक्षा समन्वय ईकाइ र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय भवन निर्माणका लागि ३ रोपनी नीजी जग्गा दान गरी सार्वजनिक हित र कल्याणकारी कार्यमा योगदान पुर्याएको देखिएको हुँदा निजको माग अनुसार सो चोकलाई पदम चोक नामाकरण गर्ने ।

१६. इन्टरनेट सेवा नपुगेका अधिकांश वडा कार्यालयहरु तथा स्वास्थ्य केन्द्रमा व्यक्तिगत घटना दर्ता, राजश्व असुली तथा सूचना व्यवस्थापन लगायत अन्य सेवा प्रवाह गर्न समस्या देखिएकोले नेट सेवा विस्तारका लागी सेवा प्रदायक कम्पनीहरुबाट प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव पेश गर्ने कम्पनीसंग सेवा संचालन गर्न रु १० लाख चालु आ.व. को समपुरक कोषमा बिनियोजित रकमबाट उपलब्ध गराउने ।

१७. नगरपालिका क्षेत्रका केही स्थानमा औषधि व्यवस्था ऐन तथा नियमावली बमोजिम मापदण्ड तथा प्रक्रिया पुरा नगरी गैर कानूनी रुपमा औषधि पसल संचालन गरेको भन्ने जनगुनासो आएकोले जिल्ला स्वास्थ्य कार्यालयसंग समन्वय गरी स्थलगत अनुगमन गर्ने र गुनासो अनुसार त्यसरी गैरकानूनी रुपमा औषधि पसल संचालन गरेको पाईएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन नगर स्वास्थ्य शाखालाई निर्देशन दिने ।

१८. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको कार्यविधि तथा मापदण्ड अनुसार उक्त कार्यक्रमबाट रोजगारी प्राप्त गर्ने बेरोजगारहरुको सूची तयार गर्दा रोजगारी पाउनुपर्ने अवस्थाका अति विपन्न नागरिकहरु छुट्न गएकोले त्यसरी छुटेका नागरिकहरुको नाम समावेश गरी सूची अध्यावधिक गर्न कार्यालयलाई निर्देशन दिने ।

१९. यस चालु आ.व. कार्यक्रम संचालन तथा कार्यान्वयनका क्रममा नगर प्रमुखज्यूको तोक आदेश तथा नगर कार्यपालिकाबाट मिति २०७९।४।१ गते देखि हालसम्म भए गरेका सबै निर्णयहरु अनुमोदन गर्ने ।

२०. भू उपयोग ऐन, २०७६ र भू उपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्ने सम्बन्धी भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको च. नं. १६४० मिति २०७९।२।२७ को परिपत्र र भूमि ब्यवस्था तथा अभिलेख विभागको च. नं. २३५९ मिति २०७९।२।३० गतेको पत्रबाट भू उपयोग ऐन, २०७६ को दफा १८ बमोजिम स्थानीय भू उपयोग परिषद्ले भू उपयोग ऐन, २०७६ र नियमावली, २०७९ ले तोकेको मापदण्डको आधारमा जग्गाको बर्गिकरण गरिसकेपछि मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनको लागि सिफारिस गर्नुपर्ने र सोही आधारमा कित्ताकाट गरी हक हस्तान्तरण लिखत पारीत गर्न सकिने भएकोले यस नगरपालिका क्षेत्रमा रहेको जग्गा बर्गिकरण गरीदिनु हुन भनी उल्लेख भई आएकोले भू उपयोग ऐन, २०७६ र नियमावली, २०७९ ले तोकेको मापदण्ड बमोजिम भूउपयोग परिषदले तयार गरेको Arc GIS नक्शा तथा वडा समितिको निर्णयानुसार देहाय बमोजिम जग्गाको बर्गिकरण गर्ने ।

**भेरी नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको बर्गिकरणः**

**वडा नं १**

१. **कृषि क्षेत्रः** रिम्नः भूरीचौर, माझचौर, माथिल्लोचौर, सौरीचौर माथीडाडाँ र डाँडा विसौन

पिपेः औल ज्यामिरे, ठुलोचौर, लामतरा, पिपे जिउला, कुन्डीक, कल्लेरी, इज्र, पारिगाउँ, चौर, खहरेपाखा, जोगीकुटी, तिनगाउँ, साङट, रावतगाउँ, होलुजिउला,तातापानी, वेल्चौर, विरौटा,भयारपाटा, मैदेचौर, रिठापानी, डौरीकाँडा, साउनेपानी, भुना स्याँला, घुयलनेटा, वडालेख, उब्ज्यालेख, हाक्नेमेला, गौरीखर्क

२. **आवासीय क्षेत्रः** रिम्न अन्तर्गत ठुलाढुङगा देखि बजार क्षेत्र हुदै गोदेचौर सम्मको सडकको आसपास क्षेत्र कोलबोट देखि रिम्न बजार झर्ने पुरानो मूल बाटोको आसपास क्षेत्र, इखरेनी देखि पिपे रावतगाउँ कालेगाउँ वराहथान सम्मको सडकको आसपास क्षेत्र, कालेगाउँ डोल्पा सडकबाट शिव मा.वि. र कालेगाउँ झो.पु. सम्मको सडक आसपास क्षेत्र, रावतगाउँ, चौर,कोल्चौर आसपास क्षेत्र, मैदे चौर घुयलनेटा, वडालेख सडक आसपास क्षेत्र

३. **व्यवसायिक क्षेत्रः** रिम्न बजार,

CamScanner

४. **औद्योगिक क्षेत्रः** कालेगाउँ टाट्के चौर क्षेत्र

५. **वन क्षेत्रः** कमेरीखारा सा.व., पिपे छिनछिने सा.व., सालिमेडाँडा ठाँटीचौर सा.व., डौरीकाडा सा.व., कोल्चौर कुन्डीक सा.व. खहरेपाखा सा.व. र स्यालापाखा सा.व.ले ओगटेको वन क्षेत्र

६. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** भेरी नदी, होलुखोला, पिपेखोलाले समेटेको क्षेत्र

७. **सार्वजनिक उपयोग क्षेत्रः** जाजरकोट डोल्पा सडक खण्ड पिपे मैदे वडालेख सडक, रावतगाउँ, कोल्चौर डौरीकाडा सडक खण्ड यस वडा क्षेत्र भित्रका ७ ओटै सामुदायिक विद्यालयहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सभाहल पिपे, सहिद स्मृती भवन रिम्ना इ.प्र.का. भवन रिम्ना, तरकारी संकलन केन्द्र रावतगाउँ र वडा भित्र रहेका सम्पूर्ण सिचाई कुलो, खानेपानी योजनाहरु, चौतारीहरु र प्रतिक्षालयहरु

९. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** शिवालय मन्दिर क्षेत्र कालेगाउँ र दुई भेरीको दोभान शिव मन्दिर क्षेत्र रिम्ना

## वडा नं. २

१. **कृषि क्षेत्रः** तल्लो कोटलोला झ्यालीखेत हुदै साङटा पावरहाउस सम्म २० मिटर दायाँबायाँका सम्पुर्ण जग्गा, जाजरकोट जुम्ला सडक खण्ड अन्तर्गत रिसाङ देखि पाचकाटिया सम्मका सडक देखि २० मिटर दायाँबायाँका सम्पुर्ण जग्गा, रिसाङ फारुला तिलिङगे सडकको २० मिटर दायाँबायाँका सम्पुर्ण जग्गा, तातापानी, नेटा, पुरानो रिसाङ हुँदै दुले सम्मका २० मिटर दायाँबायाँका सम्पुर्ण जग्गा, डिंगा वडालेख सडक खण्ड अन्तर्गत स्वास्थ्य चौकी, साङटा गुफा हुदै डिंगा सम्म सडकको २० मिटर दायाँबायाँ, पोखरा ओख्रेनी हुँदै भेरेखर्क जोड्ने कृषि सडकको दायाँबायाँ १० मिटर

२. **आवासीय क्षेत्रः** जाजरकोट जुम्ला सडक खण्ड अन्तर्गत लामोवा देखि दारखोला सम्मका सडक देखि २० मिटर भित्र, जाजरकोट जुम्ला सडक खण्ड अन्तर्गत तातापानी देखि रोटे सम्मका सडक देखि २० मिटर भित्र, जाजरकोट जुम्ला सडक खण्ड अन्तर्गत दारागाउँ, बाहुनथाना हुदै पोखरा सम्मको सडक देखि २० मिटर भित्र, डिंगा वडालेख सडक खण्ड अन्तर्गत पानीधारा देखि कोलडाडाँ सम्म २० मिटर लम्बाई र २० मिटर चौडाई भित्रऽ डिंगा, तिलिंगे, बाहुनथाना, पोखरा, रिसाङ विद्यालय क्षेत्र

३. **व्यवसायिक क्षेत्रः** वाहुनथाना, रिसाङ, नाउली कालिका थान, पोखरा पुरानागाउँ

४. **वन क्षेत्रः** माथिल्लो कोटखोला देखि लामोवा सम्मको जंगल, दारखोला देखि कैनखोला खोल्सी सम्म जंगल, पृथी बहादुर शाहको जग्गाको सिमाना देखि गणेश खड्काको जग्गाको सिमाना सम्मको जंगल, दत्ते कामीको जग्गा देखि धनार्नी डाँडा सम्म, नाउली देखि पाँचकाटिया पदम बहादुर खत्रीको जग्गाको सिमाना सम्म

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** कोटखोला, दारखोला, गाराङसीखोला, साङटाखोला, पुरानो रिसाङखोला

६. **सार्वजनिक उपयोग क्षेत्रः** त्रिभुवन नि.मा.वि.रिसाङ, शंकर भवन मा.वि. वाहुनथान, तिमिले पुरानो भवन नजिक चौतारा, तातापानी, पिपलचौतारा

७. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** शिव मन्दिर साङटा गुफा, भेरी खोला झरणा डिंगा, छाँयाक्षेत्र शिव मन्दिर तिलिङगे

सिद्धपाइला तिमिले, खडक देउता मन्दिर, देउती बज्यै दारागाउँ

## वडा नं. ३

१. **कृषि क्षेत्रः** होलुखोला क्षेत्रका जग्गाहरु, स्याँला, पानिनाउला, कल्यानपुर, साउनेपानी क्षेत्रका जग्गाहरु

२. **आवासीय क्षेत्रः** पिपलडाँडा देखि जनक पुस्तकालय सम्मको क्षेत्र, सिमलगैरी क्षेत्र, माथिल्लो थाप्ले क्षेत्र, तल्लो थाप्ले क्षेत्र, जाजरकोट डोल्पा सडक अन्तर्गत स्याँला कालेगाउँ सडकको २० मीटर भित्र पर्ने दायाँवायाँका जगाहरु स्याँला कान्नाको रुखदेखि औरनी सम्मको सडकको २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाहरु, कालेगाँउ पिपलवोट देखि जुम्ला सडक जोडने सडको २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाहरु

CamScanner

३. **व्यवसायिक क्षेत्रः** वाग्लुङ्ग होटल देखि सिमलगैरी हुदै ठाँटी पिपलवोट सम्मको जगाहरु, ठाँटी पिपलवोट देखि न्युरोड सिटिजन वैक हुदै भेटेनरी थाप्ले सम्मका जगाहरु

४. **वन क्षेत्रः** खिरखिरे सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र, स्याँलापाँखा कालेगाउँ सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र, गणेशटोल सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र, स्याँलापाँखा रुद्रेखोला सामुदायिक वन क्षेत्र

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** होलुखोला, कोटखोला, दारखोला, वलिको नाउला, रुद्रेखोला, पानिनाउला

६. **सार्वजनिक उपयोग क्षेत्रः** सरकारी/संघसंस्था क्षेत्र समेत, वटुक भैरव मन्दीर, गणेश मन्दिर थाप्ले, बराहको थान, गणेश मन्दिर पिपलडाँडा, भेरी नगरपालिकाको कार्यालय, वन डिभिजन कार्यालय, जिल्ला अस्पताल जाजरकोट, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत जाजरकोट, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, नेपाल रेडक्रश सोसाईटी, विध्यालयहरु र भेरी ज्ञानोदय क्याम्पस दरवार क्षेत्र, ठाँटी पिपलचौतारी क्षेत्र, थाप्लेचौर बसपार्क, ठाँटीस्थित नगरपालिकाको स्मामित्वको जग्गा

७. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** वटुक भैरव मन्दीर तल्लो थाप्ले, गणेश मन्दिर माथिल्लो थाप्ले थाप्ले, बराहको थान स्याँला, गणेश मन्दिर पिपलडाँडा, खलंगा दरवार क्षेत्र, थाप्ले दरबार क्षेत्र

## वडा नं. ४

१. **कृर्षि क्षेत्रः** बरकाल्ने–पासागाड–डोल्पा–जिरो प्वाईन्टसम्म छिन्चु–जाजरकोट सडकको २० मी. दायाँवायाँ भन्दा वाहिर पर्ने जग्गा, इउरी, धल्ला, जाने सहायक रोड क्षेत्र देखि २० मीटर वाहिर पर्ने जग्गा, वोहरा मोड देखि छिप्रेना जाने सडक देखि २० मीटर वाहिर पर्ने जग्गा, डोल्पा जिरो प्वाईन्ट देखि मुलपानी, इउरी, फुलवारीसम्म डोल्पा सडक क्षेत्र देखि २० मीटर बाहिर पर्ने दायाँवायाँका जग्गाहरु, जिल्ला शिक्षा समन्वय इकाई कार्यालयबाट मुलपानी हुँदै डोल्पा सडकसम्मका २० मीटर बाहिर पर्ने दायाँवायाँका जग्गाहरु, खलंगा–वोहरा–इवर–गगंटीया–मेलटाकुरा–वैकल्पीक राजमार्गको २० मीटर बाहिर पर्ने दायाँवायाँका जग्गाहरु

२. **आवासीय क्षेत्रः** बरकाल्ने–पासागाड–डोल्पा–जिरो प्वाईन्टसम्म छिन्चु–जाजरकोट सडकको २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गा, वोहरा मोड देखि छिप्रेना जाने सडक देखि २० मीटर भित्र पर्ने जग्गा, डोल्पा जिरो प्वाईन्ट देखि मुलपानी, इउरी, फुलवारीसम्म डोल्पा सडक क्षेत्र देखि २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाहरु, जिल्ला शिक्षा समन्वय इकाई कार्यालयबाट मुलपानी हुँदै डोल्पा सडकसम्मका २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाहरु, खलंगा–वोहरा–इवर–गगंटीया–मेलटाकुरा–वैकल्पीक राजमार्गको २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाहरु

३. **व्यवसायिक क्षेत्रः** वोहरा सिमी रुख देखि नेपाली सेना व्यारेक जाने वाटो देखि २० मीटर दायँवायाँका जग्गा, वसपार्क ट्राफिक चौकी देखि कारागार हुँदै गैरीखालीसम्म २० मीटर दायाँवायाँका जग्गा, गैरीखाली देखि रानागाउँ पानी टंकीसम्म जाने वाटोका २० मीटर भित्र पर्ने दायाँवायाँ जग्गाऽ गैरीखाली देखि जनक पुस्तकालयसम्म जाने वाटोका २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गा, गैरीखाली–वाहुनवारा हुदै वाग्लुङ्ग होटल जाने वाटोका २० मीटर भित्र पर्ने दायाँवायाँका जग्गाऽ शान्तिचौतारा वसपार्क–कृष्ण मल्लको घर हुँदै वाग्लुङ्ग होटलसम्म जाने सडक भित्र पर्ने २० मीटरऽ

४. **वन क्षेत्रः** जानकी सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र भगवती सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र, वोहरा सामुदायिक वन उपभोक्ता समितिले चर्चेको क्षेत्र

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** मुलपानी क्षेत्र अन्तर्गत माथिल्लो सिम क्षेत्र, हात्ती ढुङगा बरकाल्ने क्षेत्रमा रहेको सिम क्षेत्र, पासागाड, कोटखोला, भेरी नदी, खहरेखोला, वुदवुदी, हलेदे जालवुन्न खोला, साउनेपानी, खहरे खोला, निमारे क्षेत्र, भेलाले क्षेत्र, फुलवारी खानेपानी क्षेत्र, मुलपानी, फल्यानी, फल्याटी, रिठ्ठाखोला, वल्लो पल्लो हलेदे, सानी कोटखोला, सिस्नेरी, जालवुन्ना,

७. **खानी तथा खनिज क्षेत्रः** भेरी नगरपालिका–४ को धल्ला क्षेत्र

८. **सार्वजनिक उपयोग क्षेत्रः** सरकारी/संघसंस्था क्षेत्र समेत. गैरीखाली वालमन्दिर परिसर क्षेत्र, जिल्ला प्रहरी कार्यालय, शान्ति चौतारा वसपार्क, जिल्ला शिक्षा समन्वय इकाई, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, मालपोत

CamScanner

कार्यालय, नापी कार्यालय, जलाधार व्यवस्थापन कार्यालय, नेपाल रेडक्रस सोसाईटी, कृषि विकास कार्यालय, मिनि कभर्ड हल रानागाउँ, साउनेपानी, डम्मेनी डाँडा, खहरेखोला, सह–लगानी खानेपानी क्षेत्र, बरला मसानघाट, सिम मसानघाट, विचारिको खोरिया प्रस्तावित हरित वाल उद्‌यान क्षेत्र, पुरानो पानी ट्याङकी रानागाउँ

९. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** सानी मालिका मन्दिर–रानागाउँ, कालिका मन्दिर–भगवती टोल, शिव मन्दिर–धल्ला, चण्डीका मन्दिर–इउरी, कालिका भगवती मन्दिर–वोहरा, रामजानकी मन्दिर–वाहुनवारा, कृष्ण मन्दिर–भगवती टोल, राधाकृष्ण मन्दिर–काजिवारा, वज्यू मन्दिर, गैरीखाली,

**वडा नं.५**

१. **कृषि क्षेत्रः** सतिडाँडा देखि रातामाटा, गाँडेसल्ला, माथिल्लो काप्री हुदै सहना सम्म, चोर्ती विसाउन, झुसेमारी, गुरुङडेरा, डावटोल, माझगाउँ, पारीगाउँ हुदै मइलासम्म, कुवाखोला देखी चिसापानी, शाहीटोल, माझगाउँ, ब्याउली ढुङगा, वाम्नीकम्द, रोकायगाउँ हुदै राईकोइरेली, वरकाल्ने, भेरीनदी सम्म

२. **आवासीय क्षेत्रः** छिन्चु जाजरकोट सडक देखी वरपिपल ब्याउली ढुङगा वाघखोर पारीगाउँ, मछाईनाखोली, केवलेधारा, काफलचौर, सहना, माझगाउँ, तल्लोगाउँ, माथिल्लो काप्री, माथिल्लोऔल, तल्लोऔल हुदै सतिडाँडा सम्मको सडक देखी २० मिटर सम्मको क्षेत्र, बाघखोर, रोकायगाउँ, औल, पारीगाउँ, माझगाउँ, डावगाउँ, काफलचौर, सहना र काप्री

३. **व्यवसायिक क्षेत्रः** बागखोर, काफलचौर र माझगाउँ

४. **वन क्षेत्रः** निगालेनी सा.व., साल्टाकुरा महिला हरियाली सा.व., देउलीडाडाँ सा.व.क्षेत्र

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** भेरी नदी, पासागाड खोला, घाग्रेखोला, इवरगाड खोला, आटाखोला

६. **खानी तथा खनिज क्षेत्रः** भेरी नदि वालुवा, देउलीडाडाँ ढुङगे खानी, पासागाड खोला गिट्टी, धनीचुला खहरे चिसापानी गिट्टी, मल्लगैरा पाथीहाल्ना ढुङ्गेखानी, बुङग्रेखोला गिट्टी, कोलगारे गिट्टी

७. **सार्वजनिक उपयोग क्षेत्रः** पासागाड खोला देखि सतिडाडाँ सम्मको सडक, डाप्का कभड हल, विजय मा.वि. काफलचौर, भेरी ज्ञानोदय प्रा.वि. इवर

८. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** बजिको थान, कालिकाको मन्दिर, चोरतिविसौना मन्दिर, बर्माथान

**वडा नं.६**

१. **कृषि क्षेत्रः** थापागाउँ, माझगाउँ, डाडाँखेत, वराउल, कुयाना, नाउला, लेख, सुर्दासैना, पाल्ते, किटेनी, तिमिले, पौरैना, धनारी, समालपाखा, ओखलपानी, दह, आरिडाव, पुरानागाउँ, भेरेखर्क, बबेरा

२. **आवासीय क्षेत्रः** काफलचौर मेलटाकुरी सडकको २० मिटर भित्रको क्षेत्र, स्याउली कृष्णमन्दिर सडकको २० मिटर भित्रको क्षेत्र, नेटाबजार स्वास्थ्य चौकी सडकको २० मिटर क्षेत्र भित्रको जग्गा, नेटीबजार लक्ष्मि मा. वि. बवियार मेलटाकुरी सडकको २० मिटर भित्रको क्षेत्र, नेटीबजार गाँडेबाँज सडकको २० मिटर भित्रको क्षेत्र, नेटीबजार मछाईना सडकको २० मिटर भित्रको क्षेत्र र भेरेखर्क,समालपाखा, माझगाउँ, ओखलपानी, दह, आरीडाव

३. **व्यवसायिक क्षेत्रः** नेटी बजार र भेरेखर्क

४. **वन क्षेत्रः** मालिका र भैरव सामुदायिक वन क्षेत्रले ओगटेको क्षेत्र

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** कल्लावारी, जोगीढुङगा, राम्री, भावर

६. **खानी तथा खनिज क्षेत्रः** डाँडाखेत, सिस्नेरी, नौमुली, भोटेइचुली

७. **सार्वजनिक उपयोग क्षेत्रः** मालिका, लक्ष्मी मा.वि., चारजोर्नी

CS CamScanner

८. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** पिपलडाँडा, आरिडाव, कृष्णमन्दिर, वुदवुदी, मालिका, नौमुली, कृष्णमन्दिर

**वडा नं.७**

१. **कृषि क्षेत्रः** दुले देखि धनारा, दह देखि पोखरासम्म, गैरीगाउँ ओखराचौर, खातिगाउँ विउरेनी, डाडाँटुनी, देवलडाडाँ, वार्ह भदौ गहतारा, हिताहाला, ठाकुर वस्ने, गोगनपानी, चिल्नेकाँडा दोकान, गौराधुनी, घरेली, टुनी

२. **आवासीय क्षेत्रः** रुपाकोट माझगाउँ, सरस्वती मा.वि. वरीपरी तथा गा.वि.स. भवन वरीपरी, सिमा प्रा.वि. वरीपरी, चन्द्रज्योति आ.वि. वरीपरी

३. **वन क्षेत्रः** पातिहाल्न सा.व., सुर्योदय सा.व., माझमेला सा.व., नवचेतना सा.व., ठुलाधारा सा.व., धाराखोला, हरियाली सा.व., नवसिर्जनशिल सा.व. क्षेत्र

४. **सार्वजनिक उपयोग क्षेत्रः** रुपाकोट पिपल रुख आसपास, काडापुधेरा, धाराखोला, चौतारा, लाखुरी, सुईपोखरी, किमेरी सरिया खेल्ने टाकुरा, झालहाल्ना, माइ मंकाल, थापा रुपाकोट मष्टामाइ थान मिथ्याङग्रा मष्टामाइ वर्माशिव, कृष्ण मन्दिर, पुन्मा मष्टमन्दिर

५. **ब्यावसायिक क्षेत्रः** स्याउली बजार र दह बजार

**वडा नं.८**

१. **कृषि क्षेत्रः** काँडागिमा, सरान चौर टोल, वटस्याँला, राउटेरिया, आटा, मुदुस, चिनाबोरी, झ्यालाहाल्ना, बिचगाउँ, गोलेचौर, काफलचौर

२. **आवासीय क्षेत्रः** मध्यपहाडी लोकमार्गबाट दाँयाबायाँ ५० मिटर भित्रका सवै वस्ती, मध्यपहाडी लोकमार्गको झ्यालाहाल्ना जिरोपोईन्ट देखी काफलचौर जोड्ने कृषिसडकको दायाँबायाँ २० मिटर र मध्यपहाडी लोकमार्ग भलाकाल्ना जिरो पोईन्टदेखी दुर्गा प्रा.वि. वडा नं.१० जोड्ने कृषि सडकको दायाँबायाँ २० मिटर क्षेत्र

३. **वन क्षेत्रः** कालिका सा.व., हरियाली सा.व., पिपलचौतारा सा.व. भयार सा.व., चोखालो सा.व.

४. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** ब्रुङगेखोला, साँधेखोला, आटाखोला, खारेखोला, झुप्राखोला

५. **खानी तथा खनिज़ क्षेत्रः** आरुखेत ढुङ्गेखानी बसालटाकुरा ढुङ्गेखानी

६. **सार्वजनिक उपयोग क्षेत्रः** ब्रुङ्गे पिपलचौतारा, गिमाबिचगाउँ पिपलचौतारा

७. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** मष्टामन्दिर ब्रुङ्गे माईमन्दिर ब्रुङ्गे, बराह मन्दिर

**वडा नं.९**

१. **कृषि क्षेत्रः** पौरी, काँडावान्नी, घोरनेटा, जार्ज, कालाभुर, बाँस्कोट, वान्नी, निगाने टोल, लामाकाटिया, खालीपाखा पौरी, काँडावान्नी, घोरनेटा, जार्ज, कालाभुर, बाँस्कोट, वान्नी, नगाने टोल, लामाकाटिया, खालीपाखा,घोरनेटा, थापाटोल, ओखयाल गैरा, मदानेसिमल, नाउली, शेराखोला, टाटा, गैराखेत, धुले वराल, परीपोखरा, वान्नीगैरा, घाटी पहरा, रातामाटा, पाल्लाज पुज्न, सिमखेत, डाँडापौरी, कोल्डाँडा, खहर्या, रानी विसाउन, ट्वाक ट्वाके, शेरा, सिमखेत, कोलपोट

२. **आवासीय क्षेत्रः** पौरी, काँडावान्नी, घोरनेटा, जार्ज, कालाभुर, बाँस्कोट, वान्नी, नगाने टोल, लामाकाटिया, खालीपाखा, घोरनेटा, थापाटोल, ओखयाल गैरा, मदानेसिमल, नाउली, शेराखोला, दिपेन्द्र मा वि वरीपरीको क्षेत्र

३. **व्यवसायिक क्षेत्रः** पोखरा, घोरनेटा, चिसीमुल, कालाभुर

४. **वन क्षेत्रः** बेलटाकुरा सा.व., गैइरा दमारा सा.व., चोखालो पुज्ने सा.व., बग्दुला सा.व.

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** शेराखोला, सिम्लीखोला, चिसीमुल, छरेखेत, झुप्राखोला, ऐसेलुखोला देखी जोगिका पानीखाने

६. **खानी तथा खनिज क्षेत्रः** दोपेघर छुवाने ढुङगे खानी, कालाभुर कोइला खानी, गिट्टी खानी ब्रहमाई खम्बु

CamScanner

७. **सार्वजनिक उपयोग क्षेत्रः** गलकोट, घोरनेटा, ब्रैहमै खम्बा, बिठेडाडाँ, लयाँटा, लामाकाटिया, पिपलचौतारा, भदाले, ट्याम्नैपाखी, कदेरा, कल्लेरी बाग्दुला पौरी, आलर हिलाखानी, जिउनी गारे, नाउली, काँडावान्नी

८. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** पोखराताल, ब्रहैखम, पौरी मष्टामन्दिर, पौरी माईमन्दिर, ढलकेवर, लामाकाटिया मष्टमन्दिर, शिव मन्दिर कोटटाकुरा, कालाभुर मष्टामन्दिर

**वडा नं.१०**

१. **कृषि क्षेत्रः** आली गरा, बाउनचौर, रावतगाँउ, भुरचौर, आला, विराले, फेरा बाल्लेतरा, सेरीपाखा, पल्सेनी, धारापानी, चिउरा, पटुवानी, भुर पोख्रा नुवागाउँ

२. **आवासीय क्षेत्रः** आली भुरचौर, पल्सेनी, पटुवानी, भुर पोख्रा नुवागाउ

३. **व्यवसायिक क्षेत्रः** रातापहरा, फेराबजार, घोरनेटा, नुवागाउँ, पल्सेनी, पटुवानी, भुर

५. **वन क्षेत्रः** गौजेनी, सुईपोखरी, रानीचौर, मेहेले, दमाचौर, लोदेनी

६. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** भेरीनदी, सिम्लीखोला, बुरुङ्गेखोला, कल्याखोला, धारापानी खोला, टाट्केखोला, खिरखोला

७. **सार्वजनिक उपयोग क्षेत्रः** वाघखोला, रातापहरा, फेराबजार, चिसीमुल, लोदेनी, पोखरा, घोरनेटा

८. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** माझगाउँ मष्टमन्दिर, चारी खेल्ने मष्टमन्दिर, नुवागाउँ कृष्णमन्दिर, बर्मैखम्ब, फेरा छन्वरे टापु

**वडा नं.११**

१. **कृषि क्षेत्रः** सानीचौर, तिमिलेचौर, करागाउँ, आबर, कास्तरा क्षेत्रका जग्गाहरु र छिन्चु जाजरकोटको मटेला क्षेत्र अन्तर्गत २० मिटर भन्दा बाहिरको क्षेत्र

२. **आवासीय क्षेत्रः** खोदा, कार्कीगाउँ, महतारागाउँ आटेचौर, कटिगाउँ, माथिवाहुनगाउँ, छिन्चु जाजरकोटको मटेला क्षेत्र अन्तर्गत २० मिटर भित्रको क्षेत्र

३. **व्यवसायिक क्षेत्रः** मटेला साल्चौर

४. **वन क्षेत्रः** सालचौर, कुप्रेकोट क्षेत्रको जग्गाहरु मटेला रानी वन सा.व.

५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** इवरगाड खोला ब्रुङगे खोला रुप्स्या पानी

६. **खानी तथा खनिज क्षेत्रः** थापाचौर, पान्चौर स्लेट ढुंगा छहरे खोला

७. **सार्वजनिक उपयोग क्षेत्रः** बिध्यालय रहेका क्षेत्र स्वास्थ्य चौकी तथा वडा कार्यालय लगायत सबै सरकारी कार्यालय रहेका क्षेत्र

९. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** वायुघट्ट, बजिको मन्दिर, सपुरवती मन्दिर, कालिका मन्दिर, शिव मन्दिर, धुल्यौटा तथा हारासैना मेला लाग्ने क्षेत्र पटाङग्री भित्रको जग्गा सपरावती मन्दिर, आत्तिया बिसौनी, देवल क्षेत्र

**वडा नं.१२**

१. **कृषि क्षेत्रः** विस्मेचौर, रातापोखारा, धइरा, चापाटा, मल्लगाउँ, भनारीगाउँ, भारतीगाउँ, बेलगार, कास्तारा, वारेला, धारापानी, काठबारी, सालीविसाउना खोप नाउला, रावतगाउँ

२. **आवासीय क्षेत्रः** विस्मेचौर, रातापोखारा, धइरा, चापाटा, मल्लगाउँ, भनारीगाउँ, भारतीगाउँ, बेलगार, कास्तारा, वारेला, धारापानी, काठबारी, सालीविसाउना खोप नाउला, रावतगाउँ

३. **व्यवसायिक क्षेत्रः** बाघखोर, बारेला

४. **वन क्षेत्रः** असौजे सामुदायिक वन गुराँस सामुदायिक वन, टिमुरे सा व बुदेढुंगा सामुदायिक वन क्षेत्र
५. **नदी, खोला, ताल, सिमसार क्षेत्रः** बेलगार, कास्तारा, वारेला, धारापानी, रावतगाउँ
६. **सार्वजनिक उपयोग क्षेत्रः** राताचौर, थर्पुडाँडा धाईरा बाघखोर खेल मैदान, बारेला खेल मैदान
९. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** मल्लगाउँ गडीक्षेत्र, बजीमन्दिर बारेला

**वडा नं १३**

१. **कृषि क्षेत्रः** छिन्चु जाजरकोट सडक खण्डको १०० मिटर बाहिर दाँया/बाँया क्षेत्र र कुदु रिङरोडको २० मिटर बाहिर दाँया/बाँया क्षेत्र
२. **आवासीय क्षेत्रः** लाजे, इमिलेचौर, वराहाचौर, कुस्तरा, रोकायगाउँ, वटालागाउँ, रावतगाउँ, बाउनगाउँ, हितानगाउँ, चमेलीगाउँ, बेलाईनीगाउँ
३. **व्यवसायिक क्षेत्रः** हितान खोला देखि मध्यपहाडी ० विन्दुको छिन्चु जाजरकोट सडक खण्डको १०० मिटर दाँया/बाँया क्षेत्र, कुदु रिङरोडको २० मिटर बाहिर दाँया/बाँया क्षेत्र
४. **औद्योगिक क्षेत्रः** बडाबालुवा सहिद पार्क देखि बराहचौर सम्मको छिन्चु जाजरकोट सडक खण्डको तल्लो भु–भाग र भुहाल्ना क्षेत्र
५. **वन क्षेत्रः** जंगलडाडाँ सामुदायिक वन, लाजे पाखा सामुदायिक वन र हरियाली सामुदायिक वनले ओगटेको वन क्षेत्र
६. नदी, खोला, ताल, सिमसार क्षेत्रः भेरी नदिको किनार क्षेत्र
८. **सार्वजनिक उपयोग क्षेत्रः** बाल प्रा.वि., सहिद पार्क, बहुउद्देश्य रंगशाला, इन्द्रमिलन सहकारी संस्था, भानु प्रा. वि. भगवति मा.वि., विद्युत सव स्टेसन, कुदु स्वास्थ्य चौकी, जनजागरण सहकारी संस्था, कुदु बसपार्क, कृषि पशु स्वास्थ्य केन्द्र, प्रहरी चौकी क्षेत्र
९. **सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** भुमेश्वर गुफा, राधाकृष्ण मन्दिर र भेरी नदिको झोलुङ्गे पुल क्षेत्र

२१. यस सभामा गत आ.व. को महालेखा परिक्षणबाट कायम भएको बेरुजु सम्बन्धमा छलफल भयो, अविलम्ब बेरुजु फर्छयौट प्रक्रिया अघि बढाउन निर्देशन दिने ।

२२. यस नगरपालिकाको शैक्षिक सुधारका लागि तर्जुमा गरिएको शैक्षिक बर्ष २०८०।८१ –०८४।८५ को पंचबर्षिय आवधिक नगर शिक्षा योजना स्वीकृत गर्ने ।

२३. नगरपालिकाले नगरवासिहरुलाई सहज तथा सुलभ यातायात सुविधा उपलब्ध गराउने उद्धेश्यले नगर बस सेवा संचालन गर्ने भएको हुँदा उक्त सेवालाई दिगो, ब्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न नगर बस सेवा संचालन कार्यविधि तर्जुमा गरी पेश गर्न तपसिल बमोजिम सदस्य रहेको कार्यदल गर्ने ।

| | | | |
|---|---|---|---|
| क. बशन्त प्रसाद शर्मा | संयोजक | ख. यज्ञ बहादुर बटाला | सदस्य |
| ग. मनिराम नेपाली | सदस्य | घ. डोटे नेपाली | सदस्य |
| ङ. लिला गौतम | सदस्य | | |

साथै नगरपालिकाको कार्यालयमा वस खरिद गर्न मिति २०७९।५।२३ को मध्यान्ह राष्ट्रिय दैनिकमा बोलपत्र माग गरिएकोमा प्राविधिक मुल्यांकन र मुल्याकन समितिको सिफारिस अनुसार सिप्रदी ट्रेडिङ प्रा. लि. चन्द्रागिरी १४ काठमाण्डौंले भ्याटसहित रु ८४ लाख ३० हजार मा दुई वटा वस उपलब्ध गराउने भनी पेश गरेको प्रस्ताव उपयुक्त भनी सिफारिस गरेकोले उक्त कम्पनीबाट बस खरिद गर्ने ।

२४. आ. व.. २०८०।८१ मा कर्णाली प्रदेश सरकारबाट स्वीकृत हुने समपुरक तथा बिशेष अनुदान प्राप्तिका लागी तपसिलमा उल्लेखित कार्यक्रमहरु सम्वन्धित अनुदान संचालन सम्बन्धी कार्यविधि बमोजिम प्रस्तावना तयार गरी तोकिएको मिति भित्र पेश गर्नेः

तपसिलः

| क. समपुरक अनुदानतर्फः | | ख. बिशेष अनुदानतर्फः | |
|---|---|---|---|
| क्र.सं. | आयोजना कार्यक्रम | क्र.सं. | आयोजना कार्यक्रम |
| १. | कारगार रानागाउँ पाखेदह नेटीबजार सडक वडा नं. ४ र ६ भेरी नगरपालिका जाजरकोट रु. २ करोड | १. | लागुऔषध दुर्व्यसन रोकथाम तथा नियन्त्रण कार्यक्रम रु. ५० लाख |
| २. | मालिका मन्दिर निर्माण वडा नं. ६ भेरी नगरपालिका जाजरकोट रु. २ करोड | २. | बालमैत्री नगर घोषणा बालबालिकासंग मेयर कार्यक्रम रु. ५० लाख |
| ३. | घंघार गोलेचौर काफलचौर लिफ्ट खानेपानी वडा नं. ८ रु. १ करोड | ३. | बहुक्षेत्रीय पोषण कार्यक्रम रु. ५० लाख |

CamScanner